फोन नं: ०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,
Web: https://kavre.ado.gov.np/

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक

कार्यक्रममा सहभागिताका लागि प्रस्ताव/आवेदन आव्हान सम्बन्धि सूचना

सूचना नं १०/०८२/८३

प्रथम पटक प्रकाशित मितिः २०८२/११/२५

कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोकको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित विभिन्न कार्यक्रमहरु लागत साझेदारीमा संचालन गर्न यस कार्यालयको कार्यक्षेत्र (काभ्रेपलान्चोक, सिन्धुपाल्चोक जिल्ला) भित्रका इच्छुक योग्य आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०८२/१२/१५) सम्म कार्यालय समयभित्र आइपुग्ने गरी देहाय बमोजिमका कागजातहरु सहितको आवेदन/प्रस्ताव तयार गरी कृषि विकास कार्यालय, धुलिखेल वा कार्यालयको सेवा केन्द्र चौतारा सिन्धुपाल्चोकमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। अनलाइन मार्फत प्रस्ताव/आवेदन पेश गर्न चाहने आवेदकहरुले कार्यालयको वेभसाइट https://www.kavre.ado.gov.np/को **आयोजना/कार्यक्रम माग आवेदन फारम** भित्र गइ **प्रस्ताव पेश गर्नको लागि उपलब्ध रहेका कार्यक्रमहरु** मध्ये आवेदन दिन चाहेको कार्यक्रमको **+आवेदन फारम भर्नुहोस** लाई क्लिक गरि निर्दिष्ट कागजात/जानकारीहरु पुर्ण रुपमा अपलोड/प्रविष्ट गरी आवेदन पेश गर्न सकिनेछ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

क्र.स.	कार्यक्रमको नाम	इकाई	परिमाण	योग्य आवेदक	कार्यक्रम बजेट रु. लाखमा	निर्धारित क्षेत्र
क.	बीउ बिजन आत्म निर्भर कार्यक्रम					
१	तरकारी बीउ उत्पादन क्षेत्र विस्तार सहयोग	हेक्टर	५	कृषक समुह, सहकारी, सामुदायिक वीउ वैंक, निजीफर्म/कम्पनी	०.७	तेमाल-१, काभ्रेपलाञ्चोक
२	खाद्यान्न बालीको उन्नत बीउ उत्पादन क्षेत्र विस्तार सहयोग	हेक्टर	२०	कृषक समुह, सहकारी, सामुदायिक वीउ वैंक, निजीफर्म/कम्पनी	२.१	काभ्रेपलाञ्चोक चौरीदेउराली-५, मण्डनदेउपुर-५, पाचँखाल-१०,पनौती-१ सिन्धुपाल्चोक बलेफी-२,सुनकोशी-२, चौ.सा.गढी- १३
३	आलु बीउ उत्पादन क्षेत्र विस्तार सहयोग	हेक्टर	५	कृषक समुह, सहकारी, सामुदायिक वीउ वैंक, निजीफर्म/कम्पनी	०.७	पनौती -३, काभ्रेपलाञ्चोक
४	बीउ उत्पादन क्षेत्र भित्र सिंचाई क्षेत्र विस्तार (साना सिंचाई)	संख्या	३	कृषक समुह, सहकारी, सामुदायिक वीउ वैंक, निजीफर्म/कम्पनी	६.३	बीउ उत्पादनका लागि निर्धारित क्षेत्र भित्रका आवेदकहरु

फुल प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं

फोन नं: ०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,
Web: https://kavre.ado.gov.np/

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक

क.स.	कार्यक्रमको नाम	इकाई	परिमाण	योग्य आवेदक	कार्यक्रम बजेट रु. लाखमा	निर्धारित क्षेत्र
ख.	कृषि उद्यमशिलता विकास/विकास सहयोग कार्यक्रम	संख्या	२७	कृषि फर्म/कम्पनी कृषक/कृषि उद्यमी	३७.८	

प्रस्तावपत्र/आवेदन पेश गर्दा संलग्न राख्नुपर्ने आवश्यक कागजातहरु:

१. स्विकृत कार्यविधिको अनुसुचिमा उल्लेखित बमोजिमको ढाँचामा आवेदन तथा प्रस्तावना पत्र ।
२. संस्था दर्ता, नवीकरण, मु.अ.कर/स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्रको प्रतिलिपि, २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र पत्रको प्रतिलिपि, कार्यक्रम माग, संचालन एवं अख्तियारी प्राप्त व्यक्ति तोकिएको सम्बन्धि संस्थाको निर्णयको छाँयाकपी।
३. अख्तियारी प्राप्त व्यक्ति/प्रतिनिधिको नागरिकताको छायाँकपी।
४. समुह/सहकारी/निजी फर्म/कम्पनीको लेखा परीक्षण प्रतिवेदन,प्रबन्ध पत्र वा नियमावली/उद्देश्य देखिने कागजातहरु
५. सम्बन्धित स्थानीय तहको कार्यक्रम संचालन सम्बन्धि आवश्यक सिफारिस पत्र।
६. कार्यक्रम संचालन तथा संरचना निर्माण गरिने जग्गाको न्यूनतम मापदण्ड बमोजिमको लालपुर्जाको प्रमाणित प्रतिलिपि। जग्गा भाडामा लिएको भए सम्बन्धित वडा कार्यालय वा नियमानुसारका निकायबाट प्रमाणित कार्यविधिमा उल्लेख भए बमोजिमको करार सम्झौताको प्रतिलिपि
७. छनौट भएको खण्डमा न्युनतम तिन वर्षसम्म व्यवसाय सञ्चालन गर्ने र लागत साझेदारी बापतको रकम लगानी गर्ने तथा दोहोरो अनुदान सुविधा नलिने सम्वन्धि स्विकृत कार्यविधिमा उल्लेखित अनुसूचि बमोजिमको प्रतिवद्दता पत्र।
८. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागि नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य संघ संस्थाबाट सम्वन्धित कार्यक्रम/क्रियाकलापको लागि गत आ.व. २०८१/०८२ मा अनुदान प्राप्त गरे/नगरेको अनुसूचि बमोजिमको स्व-घोषणा
९. समुह/सहकारीको हकमा गत आ.व.मा अनुदान रकम प्राप्त गरेका कृषकहरुको विवरण पेश गर्नु पर्ने साथै कार्यालयबाट कार्यक्रम सम्बन्धमा माग भएका आवश्यक अन्य कागजातहरु ।

पुनश्च:

- अनलाइन मार्फत प्रस्ताव पेश गर्ने आवेदकहरुले उल्लेखित सम्पूर्ण कागजातहरु कार्यालयको वेभसाइटमा रहेको अनलाइन प्रणाली मार्फत निर्दिष्ट सवै कागजातहरु अलपोड गरि पेश गर्नुपर्नेछ, इमेल मार्फत पेश गर्न पाइने छैन र प्रारम्भिक चरणमा छनौट भएको खण्डमा पेश गरेका सक्कल कागजातहरु स्थलगत प्रमाणिकरणका क्रममा अनिवार्य देखाउनुपर्नेछ अन्यथा आवेदक छनौटको लागि अन्तिम मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।
- कार्यक्रमकोप्रस्ताव तयारीका लागि आवश्यक कार्यविधिहरु एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ तथा बीउ बिजन आत्मनिर्भर कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ कार्यालयको वेभसाइटबाट डाउनलोड गर्न सकिनेछ।
- कार्यक्रम कार्यान्वयनको क्रममा प्रदेश सरकारबाट कार्यक्रम संसोधन भइ स्विकृत वजेट एवं लक्ष्य परिमाणमा परिवर्तन भएमा सोही अनुरुप कार्यक्रम सम्झौता तथा कार्यान्वयन हुनेछ।

कृष्णप्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृतस्तर नवौं